
# पाठ २

# प्रेमः छान्ने फल

"आत्माको फल **प्रेम** ...... हो" (गलाती ५:२२)। उत्प्रेरित लेखकले आत्माको फल सम्बन्धी आफ्नो प्रस्तुतमा प्रेमबाट शुरू गरेका छन्। यो पहिलो स्थानमा आउनु आवश्यक छ, किनभने प्रेम बिना अरू फलको सम्भवनै छैन।

प्रेमको उच्च धारणा परमेश्वरमा केन्द्रित छ। प्रेमको छोटो र उत्तम परिभाषाचाहिँ परमेश्वर हो, किनभने परमेश्वर प्रेम हुनुहुन्छ। मानवजातिको निम्ति परमेश्वरको प्रेम उहाँको पुत्र येशू ख्रीष्टमा प्रकट गरिएको छः "तर परमेश्वरले हामीतर्फको उहाँको आफ्नो प्रेम उहाँमा यसैमा प्रमाणित गर्नुहुन्छ, कि हामी पापी छँदै, ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो" (रोमी ५:८)। "येशूले संसारमा भएका आफ्ना जतिलाई प्रेम गरेर तिनीहरूलाई अन्त्यसम्मनै प्रेम गर्नुभयो" (यूहन्ना १३:१)।

येशू ख्रीष्टले कसलाई बढी प्रेम गर्नुभएको कारणले तिनीहरूको निम्ति आफ्नो जीवन स्वइच्छाले अर्पण गर्नुभयो? के सिद्ध मानिसहरूका निम्ति हो? अहँ होइन! ख्रीष्टका एक चेलाले उहाँलाई इन्कार गरे; अर्कोले उहाँलाई शंका गरे; येशू ख्रीष्टले गेतसमनीको बगैंचामा बडो कष्टसाथ प्रार्थना गर्दा उहाँको भित्री समूहका तीन चेलाहरू जागा हुन नसकी सुते। तिनीहरूमध्ये दुईजनाले उहाँको राज्यमा ठूलो स्थानको इच्छा गरे। एउटाले उहाँलाई धोका दियो। र जब येशू ख्रीष्ट मुर्दाबाट बौरिउठ्नुभयो, कोही कोहीले यो सत्यलाई विश्वास गरेनन्। तरै पनि येशू ख्रीष्टले तिनीहरूलाई आफ्नो सम्पूर्ण प्रेमले प्रेम गर्नुभयो। उहाँलाई तिरस्कार



गरियो, धोका दिइयो, निराश तुल्याइयो, र इन्कार गरियो, तरै पनि उहाँले प्रेम गर्नुभयो!

येशू ख्रीष्टले जसरी हामीलाई प्रेम गर्नुभयो हामीले अरूहरूलाई पनि त्यसैगरी प्रेम गरेको उहाँ चाहनुहुन्छ। "मेरो आज्ञा यही हो, कि तिमीहरू आपसमा प्रेम गर, जस्तो मैले तिमीहरूलाई प्रेम गरेको छु" (यूहन्ना १५:१२)। यसरी प्रेम गर्नु सीमित मानव प्रेमद्वारा सम्भवनै छैन। तर पवित्र आत्माले हामीमा ख्रीष्टको स्वरूप विकास गर्नुभएपछि, उहाँले जस्तै हामीले पनि प्रेम गर्न सिक्छौं।

यस पाठमा तपाईंले आत्माको फलको रूपमा प्रेमको अर्थ र विश्वासीको जीवनमा यसलाई कसरी प्रदर्शित गर्न सकिन्छ त्यस सम्बन्धी अध्ययन गर्नुहुनेछ। तपाईंमा प्रेमको फलको विकास भएपछि ख्रीष्टले प्रेम गर्नुभएजस्तै तपाईंले पनि प्रेम गर्नसक्नुहुनेछ!।

**पाठको रूपरेखा**

प्रेम परिचित गरियो
प्रेम वर्णन गरियो
प्रेम कार्य-क्षेत्रमा

**पाठका उद्देश्यहरू**

यस पाठको अध्ययनपछि तपाईंलेः

- तीन प्रकारका प्रेम र अगापे (ईश्वरीय) प्रेमका तीन क्षेत्रहरूको वर्णन गर्नसक्नुपर्नेछ।
- १ कोरिन्थी १३ मा आधारित अगापे (ईश्वरीय) प्रेमका चरित्रहरूको उल्लेख गर्नसक्नुपर्नेछ।
- आत्मिक वरदानहरू र आत्मिक फलको सन्तुलन किन महत्वपूर्ण छ, यसलाई व्याख्या गर्नसक्नुपर्नेछ।
- कार्य-क्षेत्रमा भएको प्रेमको उदाहरणहरूबाट ल्याइएका शिक्षाहरूलाई तपाईंको आफ्नो जीवनमा बुझ्न र व्यवहारमा ल्याउनसक्नुपर्नेछ।

**सिक्ने क्रियाकलापहरू**

१. पाठ १ मा तपाईंलाई दिइएको निर्देशन जस्तै पाठ विकासको प्रत्येक खण्डलाई होशियारीसँग अध्ययन गर्नुहोस्। उल्लेखित बाइबलका प्रत्येक पदलाई पढ्न नभुल्नुहोस्।

२. प्रत्येक अध्ययन प्रश्नको उत्तर दिनुहोस् र तपाईंका उत्तरहरूलाई पाठको अन्तमा हामीले दिएका उत्तरहरूसँग दाँज्नुहोस्। यदि तपाईंले दिनुभएका उत्तरहरू गलत भए भने खण्डलाई दोहोऱ्याएर फेरि सच्याउनुहोस्। त्यसपछि आफ्नो अध्ययनलाई लगातार रूपमा अघि बढाउनुहोस्।

३. पाठलाई दोहोऱ्याउनुहोस् र स्वयम्-जाँच पूरा गर्नुहोस्। यस पुस्तकको अन्तमा दिइएका उत्तरहरूसँग तपाईंका उत्तरलाई दाँज्नुहोस्।

# प्रेमः छान्ने फल

**मुख्य शब्दहरू**

| | | |
|---|---|---|
| ईश्वरीय प्रेम (अगापे) | उछिन्नु | भोक |
| दया | शारीरिक प्रेम | असहन |
| भक्ति | भावना | प्राप्ति |

**पाठको विकास**

## प्रेम परिचित गरियो

उद्देश्य १. *तीन प्रकारका प्रेमको ठीक परिभाषा छान्नुहोस्।*

प्रेम आत्मिक फलको मुख्य भाग हो! येशूले आफ्ना चेलाहरूलाई भन्नुभएको कुराबाट यो अझै स्पष्ट हुन्छ, "एउटा नयाँ आज्ञा म तिमीहरूलाई दिँदैछु, कि तिमीहरू आपसमा प्रेम गर, जस्तो मैले तिमीहरूलाई प्रेम गरेको छु, तिमीहरूले पनि आपसमा प्रेम गर। यदि तिमीहरूले आपसमा प्रेम गऱ्यौ भने, तिमीहरू मेरा चेला हौ भनी यसैबाट सबैले जान्नेछन्" (यूहन्ना १३:३४-३५)।

येशूले कस्तो प्रेमको बारेमा बताउनु भएको थियो त? हामी छोटकरीमा कमसेकम तीन प्रकारका प्रेमलाई हेर्नेछौं।

१. *अगापे (ईश्वरीय) प्रेमः अगापे* ग्रीक शब्द हो जसको अर्थ "स्वार्थहीन प्रेम; गहिरो र निरन्तर रहने प्रेम" हुन्छ, यो मानवजातिको निम्ति भएको परमेश्वरको प्रेम जस्तो हो। यो ईश्वरीय प्रेमलाई यूहन्ना ३:१६ मा उल्लेख गरिएको पाइन्छः "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, उहाँले आफ्नो एकमात्र पुत्रलाई दिनुभयो, उहाँमाथि विश्वास गर्ने प्रत्येक नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्।" यो पूर्ण र अतुल्य प्रेमले हाम्रो मन, आवेग, भावना, विचारहरू र हाम्रो सबै

व्यक्तित्वलाई माथ गर्छ। जब हामी आफैले आफैलाई पूर्ण रूपले परमेश्वरमा अर्पण गर्छौं, यही किसिमको प्रेमलाईनै पवित्र आत्माले हाम्रो जीवनमा प्रकट गराउन चाहनुहुन्छ। यही प्रेमलेनै हामीलाई उहाँलाई प्रेम गर्न र उहाँको वचनको आज्ञा पालन गर्न लगाउँछ। यो आशिषित प्रेम परमेश्वरबाट हामीमा आउँछ र हाम्रो हृदयबाट प्रशंसा, आज्ञाकारिता, आराधना, र विश्वासयोग्य सेवाको रूपमा उहाँमा फर्कन्छ। "हामी प्रेम गर्दछौं, किनभने, पहिले उहाँले हामीलाई प्रेम गर्नुभयो" (यूहन्ना ४:१६)। येशूले यही किसिमको प्रेमनै डुँडदेखि लिएर क्रूससम्मै आफ्नो जीवनको प्रत्येक पाइलोमा प्रदर्शित गर्नुभयो। यो अगापे प्रेम हो, जुन १ कोरिन्थी १३ अध्यायमा बताइएको छ।

२. *फिलिया (भातृ) प्रेमः* २ पत्रुस १:७ मा भएजस्तै दोस्रो किसिमको प्रेमलाई दाज्यू-भाइ बीचको प्रेम वा दाज्यू-भाइ बीचको भलाइ भनिन्छ। यो मानविक प्रेमको मित्रता हो, जुन सीमित छ। हामीलाई प्रेम गरियो भने मात्र हामी प्रेम गर्छौं। लूका ६:३२ मा भनिएको छ, "तिमीहरूलाई प्रेम गर्नेहरूसँग प्रेमनै गर्दछौ भने तिमीहरूलाई के स्याबासी छ र? किनकि पापीहरूले पनि आफूलाई प्रेम गर्नेहरूसँग प्रेमनै गर्दछन्।" भातृ प्रेम मानवहरूका बीचको सम्बन्धको निम्ति महत्वपूर्ण छ, तरै पनि यो अगापे (ईश्वरीय) प्रेमभन्दा सानो हो, किनभने यो पारस्परिक सम्बन्धमा भर पर्दछ; भन्नुको तात्पर्य, हामीलाई प्रेम गर्ने र हामीसँग मित्रभाव राख्नेहरूसँग मात्र हामी प्रेम र मित्रभाव राख्ने गर्दछौं।

३. *इरोस (शारीरिक) प्रेमः* बाइबलमा उल्लेख नगरिएको, तर गहिरो रूपमा प्रयोग गरिएको मानव प्रेमको अर्को भाग इरोस हो। यो शारीरिक प्रेम हो, जुन मानिसको स्वाभाविक चेतना, स्वाभाविक प्रवृति र उत्तेजनाबाट आउँछ। यो पति र पत्नीको बीचमा हुने प्रेमको एक महत्वपूर्ण भाग हो। तर यो एउटाले देख्ने र अनुभव गर्ने कुरामा आधारित भएको हुनाले, इरोस स्वार्थी, क्षणिक र कृतिम हुनसक्छ। यसको नकारात्मक रूपमा यो

शारीरिक, आभिलाषित बन्न सक्छ। प्रायजसो यसलाई दुरूपयोग गरिएको हुनाले यो नीच किसिमको प्रेम हो।

यिनीहरूमध्ये सबैभन्दा ठूलोचाहिँ *अगापे* हो - यो परमेश्वरीय प्रेम हो जुन येशू ख्रीष्टको जीवनमा प्रदर्शित भएको थियोः

१. उँचाइ भाग - परमेश्वरप्रतिको प्रेम।
२. चौडाइ भाग - हाम्रा मित्रहरूप्रतिको प्रेम।
३. भित्रिय भाग - हामी आफूप्रतिको प्रेम

लूका १०:२७ मा भनिएको छ, "तैंले परमप्रभु, आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा शक्तिले, र आफ्नो सारा मनले प्रेम गर, अनि तेरो छिमेकीलाई आफूलाई जस्तै गरी प्रेम गर।" यो अगापे प्रेम हो!

**१**. परिभाषाले वर्णन गर्ने किसिमको प्रेमसँग यसलाई जोडा मिलाउनुहोस्। दिइएको हरेक खाली ठाउँमा तपाईंले छान्नुभएको अङ्क लेख्नुहोस्।

| | |
|---|---|
| ___ **क.** इरोस - एक व्यक्तिले देखेको र अनुभव गरेको कुरामा भरपर्ने प्रेम | १) ईश्वरीय प्रेम |
| ___ **ख.** अगापे - हाम्रो सबै अस्तित्वलाई अधीन गर्ने स्वार्थहीन प्रेम; सिद्ध प्रेम | २) भातृ प्रेम |
| ___ **ग.** फिलिया - हाम्रो भलाइ गर्नेहरूलाई भलाइ गर्ने किसिमको प्रेम | ३) शारीरिक प्रेम |

२. अगापे प्रेम भातृ प्रेमभन्दा किन उत्तम छ, व्याख्या गर्नुहोस्।
..................................................................................
..................................................................................

**परमेश्वरप्रतिको प्रेम - उँचाइ भाग**

उद्देश्य २. *परमेश्वरप्रतिको हाम्रो प्रेमसँग सम्बन्धित भएका ठीक बयानहरू छान्नुहोस्।*

परमेश्वरलाई प्रेम गर्नु हाम्रो सबैभन्दा ठूलो कर्तव्य र सौभाग्य हो। हामीले कसरी परमेश्वरलाई प्रेम गर्नुपर्छ? हाम्रो सबै हृदय, प्राण, बल, (शक्ति) र मनले! बाइबलमा प्रयोग गरिएको हृदय शब्द हाम्रो शरीरभरि रगत सञ्चार गर्ने शारीरिक अङ्गको रूपमा प्रयोग भएको छैन। यसले हाम्रो भित्रिय अन्तस्करणलाई सम्बोधन गर्छ जुन आत्मा र प्राणसँग सम्बन्धित छ। हामीले परमेश्वरलाई हाम्रो सारा मनले, ज्ञानले, इच्छाले, शक्तिले, र आवेगहरूले प्रेम गर्नुपर्छ।

जब हामी अगापे प्रेमद्वारा परमेश्वरलाई प्रेम गर्छौं, जुन आत्माका फलको एक रूप हो, हामी उहाँका सबै कुराहरूलाई पनि प्रेम गर्छौं र उहाँले प्रेम गर्ने जति कुरालाई प्रेम गर्छौं। हामी उहाँको वचन, उहाँका सन्तान, उहाँको काम, उहाँको मण्डलीलाई प्रेम गर्छौं। हामी हराएका भेडाहरूलाई प्रेम गर्छौं र तिनीहरूका निम्ति हामी सङ्कष्ट भोग्न पनि तयार हुन्छौं। "किनभने ख्रीष्टको खातिर तिमीहरूले उहाँमाथि विश्वास गर्नलाई मात्र होइन, तर उहाँको खातिर दुःख पनि भोग्नलाई तिमीहरूलाई दिइएको छ" (फिलिप्पी १:२९)। जब हामी ख्रीष्टको निम्ति दुःख भोग्छौं, उहाँलाई महिमा दिन र पापपूर्ण मानिसलाई उहाँको प्रेम प्रकट गराउनको लागि हामी आइपर्ने सतावटलाई स्वइच्छाले स्वीकार गर्छौं। जब हामी ख्रीष्टसँगै दुःख भोग्छौं, मत्ती ९:३६ मा बताइए जस्तै, पाप र पापीको निम्ति उहाँले कस्तो अनुभव गर्नुभयो, हामी

थाहापाउन सक्छौं। "तर भीडहरूलाई देखेर उहाँको हृदय तिनीहरूका निम्ति दयाले भरियो। किनभने तिनीहरू गोठालो नभएका भेडाहरू जस्तै हैरान भई तितर-बितर भएका थिए।"

हामी येशू ख्रीष्टको नमूनाबाट अगापे प्रेम सिक्छौं। यही किसिमको प्रेम येशूले सिकाउनुभयो र यसमा जिउनुभयो। येशूले भन्नुभयो, "मलाई प्रेम गर्ने त्यही हो, जसले मेरा आज्ञा मान्दछ, र तिनलाई पालन गर्दछ, त्यो मेरा पिताको पनि प्रेमी हुनेछ, र म त्यसलाई प्रेम गर्नेछु र म आफै त्यसमाथि प्रकट हुनेछु" (यूहन्ना १४: २१)। हामीप्रति भएको येशूको प्रेम बुझ्न हामीलाई कठिन छ। प्रेरित पावलले एफिसी ३:१७-१६ मा यस बारेमा बताएका छन्:

> तिमीहरूका हृदयमा ख्रीष्ट विश्वासद्वारा बास गर्नुहोला, यस हेतुले, कि प्रेममा जरा हालेका र जग बसालिएका भएर सबै पवित्र जनहरूसँग चौंडाइ, लमाइ, उँचाइ र गहिराइ के रहेछ सो तिमीहरूले बुझ्नलाई बलिया होओ। अनि परमेश्वरका सारा पूर्णतामा तिमीहरू पूर्ण हुनलाई ज्ञानलाई माथ गर्ने ख्रीष्टको प्रेमलाई जान्नसक।

यो एफिसीका ख्रीष्टियानहरूको निम्ति पावलको प्रार्थना हो। यी भक्तजनहरू पावलले तिनीहरूलाई सिकाएका परमेश्वरको वचनको महान् सत्यतामा अटल भइसकेका थिए, तर प्रेमद्वारा तिनीहरूले अझै बढी सिक्नु खाँचो थियो। यहाँ हामी प्रेमले प्रेमतिर डोऱ्याएको देख्छौं: प्रेममा जरा गाड्नुचाहिँ प्रेम बुझ्नु र प्रेम थाहपाउनु हो।

के तपाईंमा परमेश्वरप्रतिको अगापे प्रेम छ? यो प्रेमको जाँच चाहिँ आज्ञाकारिता हो। येशूले भन्नुभयो, "यदि तिमीले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरू पालन गर्नेछौ" (यूहन्ना १४:१५)। "मलाई प्रेम गर्ने त्यही हो, जसले मेरा आज्ञा मान्दछ, र तिनलाई पालन गर्दछ" (यूहन्ना १४:२१)। "कसैले मलाई प्रेम गर्दछ भने,

त्यसले मेरा वचन पालन गर्नेछ। मलाई प्रेम नगर्नेले मेरा वचन पालन गर्दैन'' (यूहन्ना १४:२३-२४)। यही अध्यायमानै येशूले भन्नुभएको छ, कि उहाँले हामीलाई सबै कुरा सिकाउन र येशूले सिकाउनु भएका सबै कुराहरूको सम्झना गराउनको निम्ति पवित्र आत्मा पठाउनुहुनेछ। हामीले उहाँलाई अझै चिन्नसकौं भनेर पवित्र आत्माले हामीमा परमेश्वरको प्रेम प्रकट गराउनुहुन्छ। उहाँलाई अझै चिन्नु उहाँलाई अझै बढी प्रेम गर्नु हो। पवित्र आत्माद्वारा हामी प्रेममा जरा गाडिएका र स्थापित भएका छौं, उहाँलेनै ख्रीष्टको स्वरूप हामीमा उत्पन्न गर्दा उहाँको निम्ति अझै फल फलाउने योग्यता हामीले उहाँबाट पाउँछौं। उहाँको निर्देशनप्रतिको हाम्रो जिम्मेवारी हाम्रो आज्ञाकारिताको प्रकट हो, जसले परमेश्वरलाई खुशी तुल्याउँछ।

**३**. परमेश्वरप्रतिको हाम्रो प्रेमको सम्बन्धमा तल दिइएका बयानहरूमध्ये कुन कुन ठीक छन्? तपाईंले छान्नुभएका उत्तरहरूको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** हाम्रो निम्ति भएको परमेश्वरको प्रेमको क्षेत्र बुझ्न र व्याख्या गर्न हामीलाई सजिलो छ।

**ख.** परमेश्वरले उहाँलाई हामीले हाम्रो पूरा हृदय, प्राण, शक्ति, र मनले प्रेम गरेको चाहनुहुन्छ।

**ग.** हामी परमेश्वरका आदेशहरूको आज्ञाकारी भएर परमेश्वरप्रतिको हाम्रो प्रेम प्रदर्शित गर्छौं।

**घ.** ख्रीष्टले प्रेम गर्नुभए जस्तै गरी प्रेम गर्नु भनेको अर्थ उहाँको निम्ति दुःख भोग्न पनि इच्छुक हुनु हो।

**ङ.** परमेश्वरप्रतिको प्रेमले हामीलाई उहाँमा विश्वास गर्नेहरूलाई घृणा गर्न लगाउँछ।

**च.** ख्रीष्टले प्रकट गर्नुभएको प्रेम फर्काएर प्रेम गरिने कुरामा भरपर्छ।

**छ.** हामीले परमेश्वरलाई प्रेम गर्छौं भन्ने सबैभन्दा उत्तम प्रमाण चाहिँ हामी उहाँलाई प्रशंसा र आराधना गर्छौं भन्ने हो।

**ज.** यदि हामीमा परमेश्वरको पूर्णता भएको हामी चाहन्छौं भने परमेश्वरको वचनको सत्यतामा ज्ञान र समझदारीलाई प्रेमद्वारा समर्थन गरिएको हुनुपर्छ।

**मेरो छिमेकीप्रतिको प्रेम - लमाइतर्फको भाग**

उद्देश्य ३. *लूका ६:२७-३६ र लूका १०:३०-३७ मा येशूले सिकाउनु भएजस्तै अरूहरूको निम्ति गरिने प्रेमको उदाहरणहरू छान्नुहोस्।*

हामीले पहिले परमेश्वरलाई प्रेम नगरूञ्जेल हामी हाम्रो छिमेकीलाई अगापे (ईश्वरीय) प्रेमले प्रेम गर्नसक्तैनौं। पवित्र आत्माले हामीमा आत्माका फल उत्पन्न गर्नुहुन्छ र उहाँलेनै हामीलाई व्यवस्थाको दोस्रो महान् आज्ञा पूरा गर्न सहायता गर्नुहुन्छः "आफ्नो छिमेकीलाई आफूलाईझैं प्रेम गर्" (लेवी १९:१८)। प्रेरित यूहन्नाले अरूहरूप्रतिको अगापे (ईश्वरीय) प्रेमको महत्वपूर्णतालाई जोड दिएका छन्ः

> "हे प्रिय हो, हामी एउटाले अर्कोलाई प्रेम गरौं, किनभने प्रेम परमेश्वरबाटको हो। प्रेम गर्ने हरेक परमेश्वरबाट जन्मेको हुन्छ, र परमेश्वरलाई चिन्छ। प्रेम नगर्नेले परमेश्वरलाई चिन्दैन, किनभने परमेश्वर प्रेम हुनुहुन्छ। यदि हामीले एउटाले अर्कोलाई प्रेम गऱ्यौं भने परमेश्वर हामीमा रहनुहुन्छ, र उहाँको प्रेम हामीमा सिद्ध भएको हुन्छ। यदि कसैले 'म परमेश्वरलाई प्रेम गर्छु', भन्छ र आफ्नो भाइलाई घृणा गर्छ भने, त्यो झूटा हो, किनकि आफूले देखेको आफ्नो भाइलाई प्रेम नगर्नेले नदेखेको परमेश्वरलाई प्रेम गर्नसक्तैन।" (१ यूहन्ना ४:७-८,१२,२०)।

येशूले व्यवस्थाको पण्डिततलाई परमेश्वर र उसको आफ्नो छिमेकीलाई प्रेम गर्नुपर्छ भनी उपदेश दिँदा "तिमीले यो गर र तिमी बाँच्नेछौ" भनी भन्नुभयो। त्यसो भन्दा व्यवस्थाको पण्डिततले "मेरो छिमेकी को हो?" भनी सोधेको थिए। येशूले दिनुभएको उत्तरलाई तपाईं लूका १०:३०-३७ मा पढ्न सक्नुहुन्छ।


**४.** लूका १०:३०-३७ पढ्नुहोस्। यिनीहरूमध्ये कुनचाहिँले छिमेकीको प्रेम देखाएको थियो?

**क.** पुरोहित
**ख.** लेवी
**ग.** सामरी

**५.** यस कथाअनुसार तपाईंको छिमेकीचाहिँ को हो? ..........................................................................................................

**६.** अगापे प्रेमले हामीलाई हाम्रा शत्रुहरूलाई पनि प्रेम गर्न मद्दत गर्छ। लूका ६:२७-३६ पढ्नुहोस्। येशूले यहाँ कुन पाठ सिकाइरहनुभएको थियो, जुन उहाँले असल सामरीको कथामा सिकाउनुभएको थियो? तपाईंले छान्नुभएका उत्तरहरूको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** तिमीलाई फर्काएर दिनसक्नेहरूलाई असल गर।
**ख.** तिमीप्रति परमेश्वर जति दयालु हुनुभएको छ त्यही नापमा तिमी पनि हरेकप्रति दयालु होऊ।
**ग.** तिमीले गरेको भलाइको बदलामा कसैले तिमीलाई भलाइ गर्दैन भने पनि तिमीले तिनीहरूलाई भलाइ गर।
**घ.** अरूहरूको खाँचोलाई आफ्नै खाँचो भन्दा पनि ठूलो हो भनी सम्झ।
**ङ.** यदि कोही परदेशी छ भने, उसलाई खाँचो परे पनि उसको वास्ता नगर्नु ठीकै हो। अरू कसैले उसको हेरचाह गर्नेछ।




अगापे प्रेमका तीन भागहरू

**आफैप्रतिको प्रेम - भित्रिय भाग**

उद्देश्य ४. *तपाईं आफैले आफैलाई प्रेम गर्नुपर्छ भनी बताउने बयानलाई छान्नुहोस्।*

अगापे प्रेममा आफैलाई गरिने प्रेम समावेश गरिएको छ भन्ने सल्लाह दिनु अनौठो देखा पर्छ। म तपाईंलाई यो कुरा याद दिलाउन चाहन्छु, कि अगापे प्रेमले प्रेम गर्नु भनेको ख्रीष्टले प्रेम गर्नुभएझैं प्रेम गर्नु हो। उहाँले तपाईंलाई जसरी हेर्नुहुन्छ, त्यसैगरी तपाईंले आफूलाई पनि - अनुग्रहद्वारा उद्धार पाएको एक पापी, उहाँको स्वरूपमा बनाइएको मानव जाति, उहाँलाई महिमा दिन सृष्टि गरिएको प्राणीको रूपमा हेर्नुपर्छ। यो स्वार्थी र स्वार्थ खोज्ने प्रेम होइन, तर स्वार्थ त्याग्ने प्रेम हो, जसले जोड दिन्छ, कि सबैभन्दा ठूलो व्यक्तिगत आनन्द र परिपूर्ति येशू ख्रीष्टलाई गरिएको आराधना र आज्ञाकारिताबाट प्राप्त गर्न सकिन्छ।

हामीले हाम्रो छिमेकीलाई आफैलाईझैं प्रेम गर्नुपर्छ भनी, जब येशूले भन्नुभयो, उहाँले यो थाह गर्नुभयो कि खाना, बास, मित्रता, कष्टबाट छुटकारा र जीवनका अन्य आवश्यकताहरूको निम्ति हाम्रा मानवीय खाँचोहरूलाई हेरविचार गर्नु हाम्रो निम्ति स्वाभाविक कुरानै हो। यदि मैले मेरो औंला काटें भने, मेरो स्वाभाविक बानीलेनै यसमा अरू चोट नपुगोस भनी हेरचाह गर्दछु। अगापे प्रेमले हामीलाई हाम्रो आत्मिक स्वार्थको बारेमा हेरचाह गर्न, र सबैभन्दा पहिले परमेश्वरको राज्य र उहाँको धार्मिकताको खोजी गर्न लगाउँछ, किनभने हाम्रो सांसारिक जीवनभन्दा हाम्रो अनन्त जीवन धेरै महत्वपूर्ण छ भनी हामी महसूस गर्छौं। आफैले आफैलाई अगापे प्रेमले प्रेम गर्ने एक ख्रीष्टियानले शारीरिक स्वास्थ्य, शिक्षा, जीवनको कार्य, मित्रहरू, र यस्तै अरू कुराहरू जस्ता उसका व्यक्तिगत खाँचोहरूका निम्ति मात्र हेरविचार गर्दैन, तर उसले परमेश्वरको वचनको अध्ययन, प्रार्थना, र अरू विश्वासीहरूसँगको सङ्गतिद्वारा उसले पवित्र आत्मालाई आफ्नो आत्मिक परिपक्वता वृद्धि गराइदिने अनुमति दिन्छ। उसले आफ्नो जीवनमा आत्माको फल प्रदर्शितभएको र आफू दिनदिनै ख्रीष्टको स्वरूपमा वृद्धिभएको देख्नचाहन्छ।

कोही मानिसहरू आफूले बितेका दिनमा गरेका भूलहरूको कारणले आफैलाई प्रेम गर्न गाह्रो मान्छन्। तिनीहरूमा दोष र स्वयम्-दण्डको धारणा हुन्छ। तर ख्रीष्टबाट बगेको अगापे प्रेमले हामीले गरेका हरेक पापको पूर्ण क्षमा प्रदान गर्दछ। "यसकारण अब ख्रीष्ट येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन। किनभने ख्रीष्ट येशूमा जीवनको आत्माको व्यवस्थाले मलाई पाप र मृत्युको व्यवस्थाबाट स्वतन्त्र गराएको छ" (रोमी ८:१-२)। कस्तो महिमित पुनरूत्थान! ख्रीष्टले हामीलाई जस्तो देख्नुहुन्छ, हामी आफूलाई त्यस्तै देख्नसक्छौं, सबै पापहरूबाट धोइएका, उहाँको अनमोल रगतद्वारा शुद्ध पारिएका, उहाँको आत्माद्वारा हामीमा नयाँ स्वभाव दिइएका। उहाँको अनुग्रहद्वारा हामी जे भएका छौं त्यसले हामी प्रेम गर्नसक्छौं, र त्यो प्रेम हामी अरूहरूकहाँ पनि पुऱ्याउनसक्छौं।

प्रेमका यी तीन भागहरू एक अर्कामा आश्रित भएका छन्। यदि तपाईं परमेश्वरलाई प्रेम गर्नुहुन्न भने आफ्नो छिमेकीलाई पनि तपाईंले प्रेम गर्न सक्नुहुन्न। यदि तपाईंले आफ्नो छिमेकीलाई हेलाँ गर्नुहुन्छ भने, तपाईंले परमेश्वरलाई प्रेम गर्नुभएको हुन्न। यदि तपाईंले आफ्नो मित्रको खाँचोको निम्ति उचित सरोकार देखाउनसक्नुहुन्न, किनभने तपाईंको आफ्नै खाँचोको निम्ति पनि उचित सरोकार नगर्नुभएको हुन्छ।

यदि हामीले पवित्र आत्माबाट अगापे प्रेम सिकेका छैनौं भने, हामीले गलती कुराहरूलाई प्रेम गरिरहेका हुन्छौं। एफिसी ५:१० मा भनिएको छ, "प्रभुलाई मनपर्ने के हो सो पत्ता लगाऊ।" हामी यो कसरी गर्नसक्छौं? पवित्र आत्माद्वारा! उहाँद्वारा बाहेक कसैले परमेश्वरबाटको प्रशंसाभन्दा मानिसहरूबाटको प्रशंसालाई अझ धेरै माया गर्ला (यूहन्ना १२:४३); ठूलो मानको चाहना गर्ला (लूका ११:४३); ज्योतिभन्दा अन्धकारलाईनै बढी रूचाउला (यूहन्ना ३:१९); येशूलाई भन्दा बढी परिवारलाई माया गर्ला (मत्ती १०:३७)। येशू ख्रीष्टलाई आफ्नो जीवनमा पहिलो स्थान दिने व्यक्तिले यो थाह पाउँछ कि अगापे प्रेमको कारणले परिवारप्रतिको उसको प्रेम अझै ठूलो बन्न पुगेको हुन्छ।

**७.** म आफैले आफैलाई प्रेम गर्नुपर्छ भनी तल दिइएकाहरूमध्ये कुनचाहिँले उत्तम प्रकारले व्याख्या गर्छ?

**क.** मेरो सबैभन्दा ठूलो सरोकारचाहिँ मेरा आफ्ना खाँचोहरू र इच्छाहरूलाई तृप्त पार्नु हो, किनभने म आफैसँग खुशी नहोउञ्जेल म अरूहरूलाई पनि प्रेम देखाउन सक्तिन।

**ख.** म आफूले आफूलाई येशूको आँखाद्वारा हेर्नुपर्छ, र यो महसूस गर्नु पर्छ, कि म उहाँको स्वरूपमा बनाइएको हुँ र उहाँको अनुग्रहद्वारा उहाँको परिवारको एक अङ्ग हुन योग्य ठहरिएको छु। उहाँलाई खुशी तुल्याएरनै मेरो स्वार्थ पूरा भएको म भेट्टाउँछु।

**८**. अगापे प्रेम सिक्न र व्यक्त गर्नमा, यिनीहरूमध्ये कुनचाहिँ भाग पहिले आउनु पर्दछ, जुन क्रमलाई अरूहरूले पनि पच्छ्याउन सकून्?

**क**. माथितिरको भाग (उँचाइ) (परमेश्वरप्रतिको प्रेम)।
**ख**. लमाइ, चौडाइ (अरूहरूप्रतिको प्रेम)।
**ग**. भित्रिय (आफैको निम्ति प्रेम)।

## प्रेम वर्णन गरियो

### प्रेम र आत्मिक वरदानहरू

उद्देश्य ५. *आत्मिक वरदानहरू र आत्मिक फलको प्रदर्शनको बीचमा भएको उचित सम्बन्धको व्याख्या गर्नुहोस्।*

१ कोरिन्थीको १३ अध्यायले हामीलाई प्रेम आत्माको फल हो भन्ने विषयमा धैरै बताउँछ। प्रेम सम्बन्धी वार्तालापको रूपमा, यो अध्याय अतुल्य छ, जहाँ प्रेम के हो, र यो के होइन भन्ने विषयमा परिभाषा दिइएको छ।

यो अत्तिनै उचित छ, कि आत्माको फल बयान गर्ने यो अध्याय आत्माका वरदानहरूको विषयमा बताउने अरू मुख्य दुई अध्याय - १ कोरिन्थी १२ र १४ को बीचमा आउँछ। प्रेरित पावलले जोड दिन चाहेका थिए, कि हाम्रो ख्रीष्टियान सेवा (वरदानहरू) र हाम्रो ख्रीष्टियान जीवन (फल) को बीचमा सन्तुलन हुनुपर्दछ। १ कोरिन्थी १४:१ मा हामीलाई आत्माको फलको प्राथमिकतालाई हेलचेक्राइँ नगरी आत्माका वरदानहरूलाई खोज्ने कुरामा उत्साह दिइएको छः "प्रेमको पछि लाग, तापनि आत्मिक वरदानहरूका निम्ति उत्कट इच्छा गर।" किनभने वरदानहरू सेवासँग र फलचाहिँ आत्मिक जीवनसँग सम्बन्धित छ, र यो स्पष्ट छ, कि एउटाले अर्काको ठाउँ लिन सक्तैन। कोही कोही परमेश्वरका जनहरूले उदेकका वरदानहरूको प्रयोग गर्छन्

होला, तरै पनि तिनीहरू आत्माको फल प्रदर्शित गर्नचाहिँ असफल हुन्छन्। यसरी, तिनीहरूको ख्रीष्टको जस्तो जीवन नभएको हुनाले, तिनीहरू आत्माका वरदानहरूको अभ्यास गर्न सन्देह मान्छन्।

अरूहरूचाहिँ विपरीत दिशातर्फ जान्छन्ः तिनीहरू ख्रीष्टको जस्तो चरित्र देखाएर मण्डली र संसारको अगाडि निष्कलंक जीवन जिउने कोशिश गर्छन्, तर तिनीहरू आत्मिक वरदान खोज्नलाई असफल भएका हुन्छन्। आत्माका वरदानहरू तिनीहरूका सञ्चालन कार्यमा अलौकिक छन्। तिनीहरूलाई पवित्र आत्माद्वारा मण्डलीमा सुधार गर्न र परमेश्वरको महिमा गर्नको निम्ति मण्डलीमा दिइएका हुन्। वरदानहरूको अभ्यास बिना, एक ख्रीष्टियानले मण्डली बनाउन र आत्मिक वृद्धि जुटाउन चाहिने शक्तिलाई गुमाउँछ। आत्माका वरदानहरू र आत्माको फल ख्रीष्टियान जीवनमा एकैसाथ र सन्तुलन रूपमा जानुपर्छ। आत्माको फल उत्पन्न भएको एक व्यक्तिमा आत्मिक वरदानहरूको अभ्यासको नतिजा पनि देखिनुपर्छ।

डोनाल्ड गीले सल्लाह दिनुभएको छ, कि यो सन्तुलन १ कोरिन्थी १२:८-११ मा आत्माका नौ वरदानहरू, र गलाती ५:२२-२३ मा आत्माको फलको सूचीद्वारा संकेत गरिएको छ। प्रेमको विषयमा भएको महत्वपूर्ण अध्याय पनि आत्मिक वरदानहरू व्याख्या गरिएका दुईवटा अध्यायहरूको बीचमा आउँछ र यो विषयको सम्पूर्ण भाग हो (गी, *आत्मिक वरदानहरूका सम्बन्धमा,* पृष्ठ ६६)।

आत्मिक वरदानहरूको विस्तृत अध्ययनको निम्ति यस अध्ययनमालाको आई. सी. आई. पाठ्यक्रमको अध्ययन रवर्ट एल ब्रान्ट द्वारा लिखित, "आत्मिक वरदानहरू" र माथि उल्लेखित डोनाल्ड गी. द्वारा लिखित पुस्तकहरूको अध्ययन गर्ने सल्लाह म दिन्छु।

९. आत्मिक वरदानहरू र आत्मिक फलको प्रदर्शनको बीचमा कस्तो प्रकारको उचित सम्बन्ध हुनुपर्छ? .............................

..................................................................................

१०. जब एक ख्रीष्टियानले आत्माको वरदानको प्रयोगचाहिँ गर्छ, तर उसको जीवनमा आत्माको फलको प्रर्दशन गर्दैन भने, कस्तो किसिमको नतिजा त्यहाँ देखापर्ला? (उत्तम उत्तर लाई छान्नुहोस्।)

**क.** वरदानहरू अलौकिक भएका हुनाले, त्यहाँ कुनै नकारात्मक नतिजा हुनै सक्तैन, र ऊ मण्डलीमा आशिषित हुनेछ।

**ख.** उसको ख्रीष्टको जस्तो स्वभाव नभएकोले उसले अभ्यास गर्ने वरदानको असर घटी हुनसक्छ।

११. आत्माको फल भएको तर आत्माका वरदानहरूको प्रदर्शन नगर्नाले कस्तो नतिजा देखापर्छ? (उत्तम उत्तर छान्नुहोस्।)

**क.** ख्रीष्टियानमा मण्डलीलाई निर्माण गर्ने वा टेवा दिने आवश्यकीय शक्ति हुँदैन।

**ख.** वरदानहरू बिनाको आत्माको फल मण्डलीको लागि कुनै मूल्यको हुँदैन।




सन्तुलन आवश्यक छ!

२ तिमोथी १:७ मा प्रेम, शक्ति, र स्वयम्-अनुशासनको बीचको सम्बन्ध उल्लेख गरिएको छ। हामी सेवाको काममा काँतर बन्नु हुँदैन, तर हाम्रो सेवकाइ प्रभावशाली बनाउन हामीले पवित्र

आत्माको शक्तिमा भरोसा राख्नुपर्छ। हामीले प्रेममा पनि सेवा गर्नुपर्छ। हामीद्वारा परमेश्वरको शक्तिको प्रदर्शन भएको हामीले देख्ता, हामी घमण्डी बन्ने परीक्षा पनि त्यहाँ आउनसक्छ। परमेश्वर र अरूहरूप्रति भएको साँचो प्रेमले हामीलाई होशियारी बनाउँछ, कि परमेश्वरको यो शक्ति केवल उहाँको महिमाको निम्ति मात्र हो र यसले हामीहरूलाई अरूहरूका निम्ति योग्य दासहरू बनाउँछ।

**अगापे प्रेमको स्वभाव**

उद्देश्य ६. *अरूहरूप्रति अगापे प्रेमको विशेषताको प्रदर्शनमा तपाईंको उन्नति के कस्तो छ विचार गर्नुहोस्।*

प्रेरित पावलले दिएको प्रेमको वर्णनलाई छोटकरीमा हेरौं। अगापे प्रेम भएको व्यक्तिमा यी चरित्रहरू (विशेषताहरू) प्रदर्शित हुन्छन्ः

१. *प्रेम हुने व्यक्ति धीरजी हुन्छ।* यो सहनशील प्रेम हो, प्रेम जुन शान्ततामा पर्खने र धैर्य धारण गर्नेहुन्छ। धीरजी प्रेमले कहिल्यै आशा गर्न छोड्दैन। यो एक व्यक्तिको प्रेम हो, जसले दयाले भरिएर रोगीलाई हेरचाह गर्छ अथवा महीनौं वा वर्षौं वर्ष सम्म कसैको हेरविचार गरिरहन्छ। यो एक लोग्ने वा स्वास्नीको प्रेम हो, जसले आफ्नो अविश्वासी जीवन साथीलाई वचनको सेवा पुऱ्याएर बिना रोकतोक जीवनसाथीको उद्धारको निम्ति प्रार्थना गरिरहन्छन्। यो उडन्ता पुत्रको बाबुले प्रदर्शित गरेको प्रेम हो, जो आफ्नो जीवन र आफ्नो सम्पत्ति खेर फालेपछि आफ्ना पिताकहाँ फर्केर आएको थियो (लूका १५ः२०)। अगापे प्रेम धीरजी हुन्छ।

२. *प्रेम हुने व्यक्ति दयालु हुन्छ।* एक लेखकले दयालाई 'कार्यको प्रेम' भनी बताएका छन्। येशू ख्रीष्टको जीवनको धेरै भाग यताउति गएर दया देखाउने काममा बिताइएको थियो। कसैले

भनेका छन् "एक मानिसले आफ्ना स्वर्गीय पिताको निम्ति गर्नसक्ने सबैभन्दा ठूलो काम उहाँका केही सन्तानहरूप्रति दयालु हुनु हो।'' यदि तपाईंले कसैलाई प्रेम गर्न चाहनुहुन्छ भने, स्वभावैले तपाईं उसलाई आनन्द दिनचाहनुहुन्छ। तपाईंले यो दयाको कामहरूद्वारा गर्नुहुन्छ। यदि कसैलाई प्रेम गर्ने उद्देश्यले केही गरिन्छ भने, सबैभन्दा सानो काम, दिक्दारी कार्यक्रम पनि आनन्दित अनुभव बन्नसक्छ। दयालु हुनु अगापे प्रेमको स्वभावनै हो।

३. *प्रेम हुने व्यक्तिले अरूहरूको डाह गर्दैन।* एक प्रेमी व्यक्ति अरूहरूको सफलतामा डाही हुँदैन। आफ्ना सहकर्मीहरू, आफ्ना ख्रीष्टियान मित्रहरू र आफ्ना शत्रुहरू समेतलाई पनि असल कुराहरू हुन आएकोमा उसले आनन्द मनाउँछ। आफ्नो छिमेकीको सम्पत्तिमा उसले लोभ गर्दैन (प्रस्थान २०:१७)।

४. *अगापे प्रेम हुने व्यक्ति घमण्डी वा अभिमानी हुँदैन।* हेनरी ड्रमण्डले भनेका छन् कि नम्रता "तपाईंको ओठमा छाप लाउनु र तपाईंले गर्नुभएका कुराहरूलाई बिर्सनु हो। तपाईं दयालु भइसक्नु भएपछि, प्रेमले संसारलाई ढाकेर, यसको सुन्दर काम गरिसकेपछि, फेरि छायाँमा फर्केर गई यसको बारेमा कुरै नगर्नु हो'' (ड्रमण्ड, *संसारको सबैभन्दा ठूलो कुरा,* पृष्ठ १८)।

५. *ख्रीष्टको जस्तो प्रेम हुने व्यक्ति कठोर हुँदैन।* बाइबलको अनुवादमा यसरी भनिएको छ प्रेम "आफै बेकाइदासाथ चल्दैन'' (१ कोरिन्थी १३:५)। प्रेमी व्यक्तिको निम्ति अरूप्रति भद्र व्यवहार गर्नु, र अरूहरूको वास्ता गर्नु स्वाभाविक कुरा हो। उसले आफूतिर ध्यान आकर्षित गराउने कोशिश गर्दैन।

६. *प्रेम हुने व्यक्ति निस्वार्थी हुन्छ।* उसले आफ्नो स्वार्थ खोज्दैन, तर आफ्ना अधिकारहरू त्याग्न पनि खुशी हुन्छ। येशूले भन्नुभयो, " लिनुभन्दा दिनु अझ असल हो'' (प्रेरित २०:३५)।

येशूले आफ्ना चेलाहरूलाई सिकाउनुभयो, कि "कोही मानिस पहिलो हुने इच्छा गर्छ भने, त्यो सबैभन्दा पछिल्लो र सबैको सेवक हुनेछ'' (मर्कूस ९:३५)।

७. *प्रेम दर्शाउने व्यक्ति सजिलैसँग रिसाउँदैन।* ड्रमण्डले उल्लेख गरेका छन्, कि उडन्ता पुत्रको कथामा दाज्यूचाहिँको रीस (लूका १५) डाह, घमण्ड, निर्दयिता, निष्ठुर, स्वयम्-धार्मिकपन, फाटो र कठोरपनाले भरिएको थियो र उसले आफ्ना बाबुलाई पनि आफ्नो भाइको विरूद्धमा फर्काउने निश्चय लिएको थियो (पृष्ठ २३)। यिनीहरू ख्रीष्टको जस्तो स्वभावका विशेषताहरू होइनन्।

८. *प्रेम गर्ने व्यक्तिले भूलहरूको लेखप्रमाण राख्तैन।* ऊ अरूहरूका भूलहरू कहाँ छन् भनी हेर्दै जाँदैन, र उसको विरूद्धमा कसैले गलती प्रकारले व्यवहार गरेमा, त्यसले आफूलाई पुऱ्याउने हानीद्वारा ऊ जोगिन्छ। ऊ अरू मानिसहरूको उद्देश्यमा शंकालु हुँदैन, तर सबैको भलाइ भएको होस् भन्ने चाहना गर्छ।

९. *साँचिकै प्रेम हुने व्यक्ति दुष्टतामा आनन्दित हुँदैन, तर सत्यतामा रमाउँछ।* अगापे प्रेम आदरयोग्य, सत्यतापूर्ण छ र दुष्टताको प्रकटलाई तिरस्कार गर्छ।

प्रेरित पावलले प्रेमको विशेषताको बारेमा आफ्नो वर्णनलाई यसरी निष्कर्षित गरेका छन्, कि प्रेमले "सबै कुरा सहन्छ, सबै कुराको पत्यार गर्छ, सबै कुराको आशा गर्छ, सबै कुरामा स्थिर रहन्छ'' (१ कोरिन्थी १३:७)।


बृद्ध भइसकेका, प्रेरित यूहन्नाले यी शब्दहरू लेखेका छन् (१ यूहन्ना ३:१६-१८):

> यसैमा हामीले प्रेम के हो भनी थाह पाउँछौं: किनभने येशू ख्रीष्टले हाम्रा निम्ति आफ्नो प्राण अर्पण गर्नुभयो, र हामीले पनि हाम्रा भाइहरूका निम्ति आफ्नो प्राण अर्पण गर्नुपर्छ। तर

संसारको सम्पत्ति हासिल गरेर पनि कसैले आफ्नो भाइलाई खाँचो परेको देखेर त्यसमाथि आफ्नो दया देखाउँदैन भनेता परमेश्वरको प्रेम त्यसमा कसरी रहन्छ? हे मेरा साना केटा-केटी हो, वचन र मुखले मात्र हामी प्रेम नगरौं, तर कामले साँचो प्रेम गरौं।

**१२**. तल दिइएका बयानहरूमध्येबाट अगापे प्रेमको स्वभावको प्रदर्शन गर्ने बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

- **क**. "म तपाईंलाई सहयोग गर्नचाहन्छु, तर म मेरा आफ्नै योजनाहरूमा धेरै व्यस्त छु।"
- **ख**. "मेरी आमा हिड्न ता सक्नुहुन्न, तरै पनि उहाँ सधैं खुशी हुनुहुन्छ र उहाँको हेरचाह गर्न सजिलो छ।"
- **ग**. "उनी धनी भएका हुनाले हामी जहिले पनि सबैभन्दा असल बस्ने ठाउँ उनलाई दिन्छौं।"
- **घ**. "म ख्रीष्टियान हुनुभन्दा धेरै वर्ष पहिलेनै मेरा बुबा-आमाले मेरो निम्ति प्रार्थना गर्नुभएको थियो।"
- **ङ**. "सबै जसो काम मैले गरें तर मेरा मालिकले चाहिँ यसको स्याबासी पाए।"
- **च**. "उसले मलाई दुःख दिने कोशिश गरेको भएता पनि, मैले उसलाई क्षमा दिएँ।"



**१३.** पवित्र आत्माले हामीमा आत्मिक फल उत्पन्न गर्नुहुने भएतापनि, यो सहयोगको प्रयास हो - हामीले उहाँसँगसँगै मिलेर काम गरी हामीमा ख्रीष्टको स्वरूप प्रकट गराउने अनुमति दिनुपर्छ। अगापे प्रेमको चरित्रहरूप्रति तपाईंको कस्तो प्रगति भइरहेको छ, सो कुरा संकेत गर्नलाई र तपाईंमा यी कुराहरू कसरी प्रकट भइरहेका छन् सो देखाउनलाई तल दिइएको खाली कोष्ठमा भर्नुहोस्।

| **चरित्र (स्वभाव)** | **सधैंभरि** | **सधैंजसो** | **कहिलेकहीं** | **कहिले कहिले** | **कहिल्यै पनि होइन** |
|---|---|---|---|---|---|
| धीरजी | | | | | |
| दया | | | | | |
| डाही होइन | | | | | |
| नम्रता | | | | | |
| भलाइ | | | | | |
| निस्वार्थी | | | | | |
| ठीक बानी | | | | | |
| निराश नहुने | | | | | |
| शंकालु नभएको | | | | | |
| आदरणीय | | | | | |
| सत्य | | | | | |
| दुष्टताको वास्ता नगर्नु | | | | | |

## प्रेमको प्राथमिकता (महत्वपूर्णता)

उद्देश्य ७. *१ कोरिन्थी १ ३ अध्यायको आधारमा, प्रेमलाई किन विश्वास र आशाभन्दा ठूलो मानिन्छ तपाईंको आफ्नो विचार व्यक्त गर्नुहोस्।*

"तर विश्वास, आशा, प्रेम, यी तीन रहन्छन्, र यिनमा सर्वोत्तम चाहिँ प्रेम हो" (१ कोरिन्थी १३:१३)। प्रेम अनन्त छ - "प्रेम कहिल्यै टल्दैन" (१३:८)। विश्वास, परमेश्वरको महिमामा पुगेर वास्तविक भइसकेपछि एकदिन यसको सेवा त्यहीँ टुङ्गिन्छ (हिब्रू ११:१)। आशाको पनि हामीले आशा राखेका कुराहरू पूराभएपछि एकदिन अन्त आईपुग्छ।

१ थिस्सलोनिकी १:३ अनुसार, विश्वासले हामीलाई कामतिर लैजान्छ, प्रेमले हामीलाई परिश्रम गर्न लगाउँछ, र हामी नतिजा देख्छौं: विश्वासले उद्धार ल्याउँछ, प्रेमले सेवा गर्छ, र आशाले ख्रीष्टको आगमनको प्रतिक्षा गर्छ। जब त्यो दिन देखापर्छ, प्रेम रहिरहनेछ र हामीसँगै अनन्ततामा जानेछ।

**१४.** १ कोरिन्थी १३ अध्यायको आधारमा, किन प्रेमलाई विश्वास र आशाभन्दा ठूलो सम्झिइन्छ, आफ्नो विचार प्रस्तुत गर्नुहोस्। ..........................................................................

..........................................................................................

## प्रेम काममा

उद्देश्य ८. *बाइबलका उदाहरणहरूबाट हामीले सिक्नसक्ने प्रेम सम्बन्धी सिद्धान्तहरूलाई प्रस्तुत गर्नुहोस्।*

**सामुहिक प्रेम**

*कलस्सेका ख्रीष्टियानहरूः* कलस्सेका ख्रीष्टियानहरूका बीचमा आत्माको फल वृद्धि भइरहेको थियो (अरू ख्रीष्टियानहरूमा पनि यस्तै हुन्छ, किनभने ख्रीष्टियान जीवन र सम्बन्धको स्वभावनै यस्तो छ)। आफू रोमको भ्यालखानमा भएको बेलामा पावलले तिनीहरूका प्रेमको बारेमा, कलस्सेका सँगी-सेवक इप्राफासबाट सुनेका थिए। दुईपल्ट पावलले तिनीहरूको प्रेमको उल्लेख गरेका छन् (कलस्सी १:३,७-८):

> हामी हाम्रा प्रभु येशू ख्रीष्टका पिता परमेश्वरलाई तिमीहरूका निम्ति सधैं प्रार्थना गर्दै धन्यवाद चढाउँछौं, किनभने ख्रीष्ट येशूमा तिमीहरूको विश्वास, र सबै पवित्र जनहरूतर्फ तिमीहरूको प्रेमको विषयमा सुनेर - जुन विश्वास र प्रेम तिमीहरूका निम्ति स्वर्गमा भएको आशाको कारण हो। जसरी हाम्रा प्रिय सङ्गी-दास इप्राफासबाट तिमीहरूले सिक्यौ, जो हाम्रो पक्षमा ख्रीष्टका एक विश्वासी सेवक हुन्, जसले आत्मामा भएको तिमीहरूको प्रेमको विषयमा हामीलाई बताए।

तिनीहरूमा आत्माको प्रेम भएको हुनाले, धेरै धेरै फल उत्पादन गर्नको निम्ति तिनीहरू उम्मेदवार भएका छन् भनी पावललाई थाह थियोः "हर किसिमले खुशी पार्नेगरी प्रभुको योग्य चालमा चल्न र हरेक असल काममा फलिफाप हुँदै जाओ" (कलस्सी १ :१०)। यो "सक्रिय प्रेम" हो।

कलस्सेका विश्वासीहरूले अगापे प्रेमको प्रदर्शन गरेका भएता पनि, तिनीहरूका सबै क्रियाकलापमा प्रेमको महत्वपूर्णताको बारेमा पावलले तिनीहरूलाई सम्झना दिलाएका छन्ः

> यसकारण परमेश्वरका चिनिएकाहरूझैं पवित्र र प्रिय, सहानुभूतिको हृदय, दया, नम्रता, विनय, सहनशीलता धारण गर। एउटाले अर्कोलाई सहेर, कुनै मानिसको विरूद्धमा केही

> दोषको कारण छ भने, एउटाले अर्कोलाई क्षमा गर, जसरी प्रभुले पनि तिमीहरूलाई क्षमा गर्नुभयो, त्यसरी तिमीहरूले पनि क्षमा गर, र यी सबै कुराहरूभन्दा बढी प्रेम धारण गर, जो सिद्धताको गाँठो हो (कलस्सी ३:१२-१४)।

**१५**. आत्माको फलको अरू स्वभावहरूसँगको सम्बन्धमा प्रेमको कार्य कस्तो छ?..........................................................

.......................................................................................

*एफेससको मण्डली:* नयाँ नियमका मण्डलीहरूमध्ये एफेससले जति पावलका शिक्षा अरूहरूले पाएनन् होला! तीन वर्षसम्म प्रेरित पावलले सुसमाचारको महान् सत्यता विश्वासीहरूलाई सिकाए (प्रेरित २०:२०,२७,३१)। पावलले अरू मण्डलीहरूलाई आफूले तिनीहरूलाई लेखेका पत्रमा हप्काएका छन्, तर एफेससको मण्डलीलाई भने हप्काएका छैनन् - उनले तिनीहरूलाई चेतावनी र चुनौतीहरूमात्र दिएका छन्। तर जब समय बित्दैगयो, प्रभुप्रतिको भक्तिमा तिनीहरू मनतातो र वेवास्ती बने। प्रकाश २:४ मा येशूले तिनीहरूलाई प्रेमी स्वरमा हप्काउनुभएको हामी देख्छौं:

> तिमीले तिम्रो पहिलो प्रेम छोडिदिएका छौ। यसकारण कहाँबाट तिमी पतित भएका छौ, सो सम्झ! पश्चाताप गर र पहिले गरेको कामचाहिँ गर (पदहरू ४-५)।

यो मण्डलीका विश्वासीहरूका बारेमा बताउँदा, प्रभुले सबैभन्दा पहिले तिनीहरूको परिश्रमी काम, तिनीहरूको सिद्ध सिद्धान्तहरू र तिनीहरूको धीरजपनाको निम्ति तिनीहरूलाई हौसला दिनुभयो (प्रशंसा गर्नुभयो)। तर प्रभुप्रतिको तिनीहरूको गहिरो भक्तिचाहिँ हराएको थियो। तिनीहरूले पहिला प्रेम गरेजस्तैगरी प्रेम गरेका

थिएनन्। तिनीहरूको कठोर परिश्रम, तिनीहरूको सिद्धान्त, र तिनीहरूको धीरजपना प्रेमरहित भएर खाली भएका थिए। मण्डलीले यसका मानिसहरू र ख्रीष्टलाई नचिन्नेहरूलाई दिनसक्ने सबैभन्दा महत्वपूर्ण कुरा अगापे प्रेमनै हो। मण्डलीले परमेश्वरलाई दिनसक्ने सबैभन्दा महत्वपूर्ण कुरा यहीनै हो। विना प्रेम त्यहाँ केही पनि रहँदैन, तर केवल तालिका, रीतिथिति, असहनशीलता र वेवास्ता।

**१६**. येशू ख्रीष्टले एफिसीहरूलाई तिनीहरूको घटेको प्रेमको सम्बन्धमा भन्नुभएको शब्दहरूबाट हामी के पाठ सिक्नसक्छौं?......

..........................................................................

..........................................................................

**व्यक्तिगत प्रेम**

*बेथानीकी मरियमः* यी भक्त स्त्रीमा आफ्ना उद्धारकर्त्ताको निम्ति सम्पूर्ण प्रेम थियो। क्रूसमा जानुभन्दा अघाडि येशू ख्रीष्ट अन्तिमपल्ट आफ्नो घरमा आउनुभएको हुनसक्छ भन्ने विचार गरी, तिनले बडो गहन प्रकारले उहाँको आराधना गरिन्। तिनको कथा यूहन्ना १२:१-८ मा बताइएको छ। त्यस स्मरणीय अवसरमा तिनले येशूको पाउमा त्यस बहुमूल्य अत्तरले अभिषेक गर्नलाई त्यसको मूल्यको केही वास्ता गरिनन्। न्यानो प्रेम धन्यवादी र बलिदानिक हुन्छ। चिसो हृदय भएको मानिस, यहूदाले मरियमले गरेकी त्यस काममा आलोचना गरेको थियो, तर तिनको गहिरो भक्ति हाम्रो निम्ति एक उदाहरणको रूपमा रहेको छ। मरियमले आफ्ना उद्धारकर्तालाई आफ्नो प्रेम देखाउन आफूसँग भएका सबै कुरा दिएकी थिइन्।

*प्रेरित यूहन्नाः* यूहन्नाले साँचैनै येशूलाई प्रेम गरेका थिए। उनी सधैंजसो आफ्ना मालिकका नजीक रहेका थिए; आखिरी निस्तार

चाडमा उनी येशूको छेउमै बसेका थिए; क्रूस नजीकै स्त्रीहरूसँग रहने चेला उनी एक मात्र थिए (यूहन्ना १९:२५-२६)। उनले आफैलाई धेरैपल्ट येशूले प्रेम गर्नुभएका चेला भनी सम्बोधन गरेका छन् (यूहन्ना १३:२३; १९:२६ हेर्नुहोस्)। यहाँ हाम्रो लागि एउटा पाठ छः प्रेमले प्रेम गरिएको व्यक्तिलाई पच्छयाउँछ। यूहन्नाले लेखेका पत्रहरू प्रेमका सन्देशहरू हुन्। उदाहरणको लागि, १ यूहन्ना ३:११-१८; ४:७-१९; २ यूहन्ना, १-६ पदहरू; ३ यूहन्ना १-६ पदहरू, पढ्नुहोस्। के तपाईं पनि यूहन्नाले प्रेम गरेजस्तै गरी प्रेम गर्न चाहनुहुन्छ? आफ्ना मुक्तिदाताको नजीक रहनुहोस्, उहाँले तपाईंलाई प्रेम गर्नुभएजस्तै गरी उहाँलाई प्रेम गर्नुहोस्, र उहाँलाई खुशी तुल्याउने किसिमका कुराहरू गर्नुहोस्।

*प्रेरित पत्रुसः* यूहन्ना २१:१५-१७ मा येशू ख्रीष्ट र पत्रुसको बीचमा भएको महत्वपूर्ण वार्तालापको कथा भनिएको छ। येशू ख्रीष्टले पत्रुसलाई "शिमोन के तिमी मलाई यिनीहरूभन्दा बढी प्रेम गर्छौ?" भनी सोध्नुभएको प्रश्नमा पत्रुसले तीनपल्टसम्म आफ्ना मालिकको निम्ति भएको आफ्नो गहिराइलाई विचार गर्नुपरेको थियो। एम्प्लीफाइड नयाँ नियममा भएको अनुवाद अनुसार, दुईपल्टसम्म येशूले यो प्रश्न सोध्नु भयोः

> शिमोन, के तिमी मलाई यिनीहरू (अरूहरूले गर्ने) भन्दा बढी प्रेम (अगापे प्रेम) गर्छौ - एक व्यक्तिले परमेश्वर पितालाई प्रेम गरेजस्तै, तर्क, इच्छा, आत्मिक भक्तिले प्रेम गर्छौ?

पत्रुसको उत्तर यस्तो थियोः "ज्यू प्रभु, तपाईं जान्नुहुन्छ, म तपाईंलाई प्रेम (भातृप्रेम) गर्छु - नजीकको मित्रलाई जस्तै तपाईंलाई मेरो गहिरो, स्वाभाविक र व्यक्तिगत प्रेम छ।"

तेस्रो पल्ट येशूले पत्रुसको उत्तर लिएर, सोध्नुभयो, "के तिमी मलाई नजीकको मित्रलाई झैं गहिरो स्वाभाविक, र व्यक्तिगत प्रेमले प्रेम गर्छौ?"

यद्यपि, पत्रुस दुःखित भए, तरै पनि उनले यहाँ यो कुरा सिके कि "मेरा भेडाहरूलाई चराऊ" भन्नुहुने मुक्तिदाताको आज्ञालाई लगातार रूपमा सञ्चालन गर्ने हो भने उद्धारकर्त्ताको निम्ति भएको आफ्नो प्रेम पूर्ण भक्तिमा गरिनुपर्छ (पद १७)। येशूले पत्रुसलाई प्रेम पहिले आउँछ र त्यसपछि सेवा भनी बताउनु भएको थियो। आत्मिक जीवनका अन्य कुराहरूः प्रार्थना, बाइबल अध्ययन, ख्रीष्टियान सेवा, सङ्गति, आराधना प्रेमबाट निस्केका हुन्। उद्धारकर्त्ताप्रति तपाईंको कति गहिरो भक्ति छ? के तपाईं उहाँलाई सबै कुराहरूभन्दा बढी प्रेम गर्नुहुन्छ? के तपाईं "ज्यू प्रभु, एक व्यक्तिले बाबुलाई प्रेम गरे जस्तै गरी कारण, ज्ञानबुद्धि, आत्मिक भक्तिले सबै कुराहरूलाईभन्दा बढी म तपाईंलाई प्रेम गर्छु भन्न सक्नुहुन्छ?" तपाईंप्रतिको उहाँको इच्छा यस्तैनै छ।

पत्रुस र यूहन्ना दुवैले महासभाको अगाडि बडो साहससँग आफ्नो विश्वासको बचावटमा बोलेर, आफ्नो सेवाकाइमा प्रभुप्रतिको आफ्नो गहिरो भक्तिलाई प्रमाणित गरेका छन्। प्रेरित ४:१३ ले हामीलाई बताउँछ "जब तिनीहरूले पत्रुस र यूहन्नाको साहस देखे, र यिनीहरू अशिक्षित र अजान रहेछन् भनी थाहपाए, तब तिनीहरू छक्क परे, र यिनीहरू येशूको साथमा रहन्थे भनेर पनि तिनीहरूले थाहपाए।" उहाँलाई चिन्नुनै उहाँलाई प्रेम गर्नु हो। उहाँलाई प्रेम गर्नुनै उहाँलाई सेवा गर्नु हो!

**१७**. प्रेरित यूहन्ना र पत्रुसको अनुभवबाट हामीले सिक्नसक्ने दुई सिद्धान्तहरू उल्लेख गर्नुहोस्। ........................................

..............................................................................

*येशूको प्रेमः* येशूको सिद्ध अगापे प्रेमका धेरै उदाहरणहरूमध्येबाट केही उदाहरणहरू उल्लेख नगरीकन हामीले यो पाठ समाप्त गर्न सकेनौं।

**१८**. तल दिइएका बाइबलका पदहरूलाई पढ्नुहोस् र हरेकमा येशूले कस्तो दैविक विशेषता प्रकट गर्नुभयो बताउनुहोस्ः

**क**. यूहन्ना १५ः१३ र १ यूहन्ना ३ः१६ ..............................

**ख**. मत्ती १८ः२१-२२; २७ः११-१४..............................

**ग**. यूहन्ना ८ः११; लूका ७ः११-१५..............................

**घ**. यशैया ५३ः८-९..............................................

**ङ**. यूहन्ना ५ः३०; लूका २२ः४२..............................

**च**. लूका २३ः३२-३४................................................

येशूको प्रेमबाट तपाईं प्रभावित बन्नसक्नुभएकोहोस्, र उहाँ जस्तो हुने इच्छा तपाईंमा होस्। तपाईंले यी अन्तिम शब्दहरूलाई विचार गर्दा यिनीहरूले तपाईंलाई चुनौती दिऊनः

> ख्रीष्टको प्रेममा मनन (विचार) गर्नुहोस्, र तपाईंले प्रेम गर्नुहुनेछ। ऐनाको अगाडि उभिएर ख्रीष्टको चरित्र प्रदर्शन गर्नुहोस्, र तपाईं पनि कृपालु देखि कृपालुसम्म त्यही स्वरूपमा परिवर्तन हुनुहुनेछ। त्यहाँ अर्को कुनै बाटो छैन। आदेशलाई तपाईंले प्रेम गर्नसक्नुहुन्न। तपाईंले केवल प्रेमी वस्तुलाई हेर्नसक्नुहुन्छ, र यससँग प्रेममा पर्नसक्नुहुन्छ, र यसको स्वरूपमा बढ्न सक्नुहुन्छ। र यसरी यस सिद्ध स्वभाव र यस सिद्ध जीवनलाई हेर्नुहोस्। उहाँ आफैले आफैलाई गर्नुभएको महान् बलिदान, र उहाँको पूरै जीवन र कलवरीको क्रूससम्मको त्यागलाई हेर्नुहोस्, र यसरी तपाईंले उहाँलाई प्रेम गर्नैपर्छ। र उहाँलाई प्रेम गरिरहेर तपाईं उहाँजस्तै हुनैपर्छ (ड्रमण्ड, पृष्ठ ३१)।

हामीले पहिलेनै भनेजस्तै, अगापे प्रेमले गलाती ५:२२, २३ मा सूची बनाइएको सबै आत्माको फललाई ढाकेको हुन्छ। यस पाठ्यक्रमका बाँकी पाठहरूमा हामी आत्मिक फलका अरू आठ स्वरूपलाई र तिनीहरू हाम्रो जीवनमा कसरी प्रयोग गर्न सकिन्छन् सो पनि हामी हेर्नेछौं।

**स्वयम्-जाँच**

**दिइएका उत्तरहरूबाट ठीक उत्तर छान्नेः** प्रत्येक प्रश्नको सबैभन्दा ठीक उत्तरलाई छान्नुहोस्।

१. कस्तो किसिमको प्रेम एक अर्कासँगको सम्बन्धमा भरपर्छः हामीलाई प्रेम गरिएको कारणले हामी प्रेम गर्छौं?
  **क.** अगापे प्रेम
  **ख.** भातृ प्रेम
  **ग.** शारीरिक प्रेम

२. "एक व्यक्तिले बाबुलाई प्रेम गरेजस्तै कारण, इच्छा र आत्मिक भक्तिसँग गरिने प्रेम"लाई यहाँ कस्तो किसिमको प्रेमको रूपमा वर्णन गरिएको छ?
  **क.** अगापे प्रेम
  **ख.** भातृ प्रेम
  **ग.** शारीरिक प्रेम

३. शारीरिक (इरोस) प्रेम केमा आधारित छ?
  **क.** दया
  **ख.** आज्ञाकारिता
  **ग.** आत्मिक सम्बन्ध
  **घ.** शारीरिक सम्बन्ध

४. अगापे प्रेमको हरेक भागको महत्वपूर्णतालाई कुन बयानले उत्तम किसिमले व्याख्या गर्दछ?

**क.** उँचाइतर्फको भाग मात्र आवश्यक छ।

**ख.** लमाइ चौंडाइतर्फको भाग सबैभन्दा महत्वपूर्ण छ।

**ग.** सबैभन्दा पहिले भित्रिय भाग आउनुपर्छ, त्यसपछि अरूहरूले पच्छ्याउँछन्।

**घ.** तीनै भागहरू महत्वपूर्ण छन्; अरूहरू बिना कुनै पनि प्रकट हुनसक्तैनन्।

५. कुनचाहिँ पदले अगापे प्रेमको भागलाई वर्णन गर्छ?

**क.** "यदि तिमीहरूले एक अर्कालाई प्रेम गर्‍यौ भने, त्यसैबाट तिमीहरू मेरा चेलाहरू हौ भनी सबै मानिसहरूले थाहा पाउनेछन्।"

**ख.** "तिम्रो सारा हृदय, सारा प्राण, सारा शक्ति र सारा मनले तिम्रा परमप्रभु परमेश्वरलाई प्रेम गर र आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर।"

**ग.** "अब विश्वास, आशा र प्रेम यी तीन रहन्छन्"

६. कुनचाहिँ दुई कामले परमेश्वरतर्फको तपाईंको प्रेमको प्रकट गर्छ?

**क.** आज्ञाकारिता; एक अर्काको निम्ति प्रेम।

**ख.** एक अर्काप्रतिको प्रेम; सेवा।

**ग.** सेवा र आज्ञाकारिता।

**घ.** विश्वास र आशा।

७. येशूले सिकाउनु भएजस्तै आफ्नो छिमेकीलाई प्रेम गर्नु भनेको के हो?

**क**. तपाईंप्रति दयालु हुनेहरूलाई दया देखाउनु।
**ख**. तपाईंको ढोका नजीकै रहनेहरूलाई सहयोग गर्नु।
**ग**. तपाईंको मण्डलीमा खाँचो परेकाहरूलाई हेरचाह गर्नु।
**घ**. जसलाई प्रभुले तपाईंको जीवनमा ल्याउनुहुन्छ, चाहे साथी, शत्रु वा विदेशी उनीहरूलाई सहयोग गर्नु।

८. आफैप्रतिको अगापे प्रेमको अर्थ मैले के गर्नै पर्छ भन्ने हुन्छ?

**क**. अरूहरूको खाँचोभन्दा अघाडि मेरो खाँचोको विचार गर्नुपर्छ।
**ख**. उहाँकै स्वरूपमा बनाइएको म आफैलाई येशूले हेर्नु भएझैं हेर्नु।
**ग**. अरूहरूलाई सहयोग गरेर मेरा बितेका दिनका भूलहरूमाथि विजयी प्राप्त गर्ने कोशिश गर्नु।
**घ**. असल कामहरू गरेर व्यक्तिगत आनन्द खोज्नु।

९. १ कोरिन्थी १२,१३, र १४ मा, प्रेरित पावलले के सिकाएका छन्?

**क**. आत्मिक फल आत्मिक वरदानहरूभन्दा अझ धेरै महत्वपूर्ण छ।
**ख**. आत्मिक वरदानहरू आत्मिक फल भन्दा अझ धेरै महत्वपूर्ण छन्।
**ग**. प्रभावशाली सेवकाइको निम्ति त्यहाँ फल र वरदानहरूको सन्तुलन हुनुपर्छ।
**घ**. यदि कुनै व्यक्तिमा प्रेम छ भने उसलाई अरू कुनैपनि कुराको खाँचो पर्दैन।

१०. पत्रुससँगको येशूको कुराकानीमा (यूहन्ना २१:१५-१७) पत्रुसको निम्ति येशूको सन्देश के थियो?
**क.** प्रेम सेवाको अतिवृद्धि हो।
**ख.** सबैभन्दा पहिले प्रेम आउँछ, त्यसपछि सेवा।
**ग.** प्रेमले प्रेम गरिएको व्यक्तिलाई पच्छ्याउँछ।
**घ.** पत्रुसले आफ्नो पहिलो प्रेम त्यागेका थिए।

११. कुनचाहिँ मण्डली अगापे प्रेमको स्थिर उदाहरण हो?
**क.** कलस्सेको मण्डली
**ख.** कोरिन्थको मण्डली
**ग.** एफेससको मण्डली

१२. बेथानीकी मरियमको उदाहरणले हामीलाई के देखाउँछ?
**क.** न्यानो प्रेम धन्यवादी र बलिदानिक हुन्छ।
**ख.** सबैभन्दा ठूलो प्रेम गरीबहरूलाई दिनु हो।
**ग.** कोही मानिसहरूले आफ्नो प्रेम मूर्ख किसिमले प्रकट गर्छन्।
**घ.** हरेकलाई अगापे प्रेम दिइएको छ।

**अध्ययन पश्नहरूका उत्तरहरू**

१०. **ख.** उसको ख्रीष्टको जस्तो स्वभाव नभएको हुनाले उसले अभ्यास गर्ने वरदानको असर घटी हुनसक्छ।

१. **क.** ३) शारीरिक प्रेम।
**ख.** १) परमेश्वरीय प्रेम।
**ग.** २) भातृ प्रेम।

११. **क.** ख्रीष्टियानमा मण्डलीलाई निर्माण गर्ने वा टेवा दिने आवश्यकीय शक्ति हुँदैन।

२. येशू ख्रीष्टले प्रदर्शित गर्नुभएको अगापे प्रेमले हामीलाई हाम्रा शत्रुहरूलाई पनि प्रेम गर्न लगाउँछ। यो प्रेम फर्काइने कुरामा भरपर्दैन।

१२. **ख, घ,** र **छ,** कार्यमा लगाइएका अगापे प्रेमका उदाहरणहरू हुन्।

३. **क.** बेठीक **च.** बेठीक
**ख.** ठीक **छ.** बेठीक
**ग.** ठीक **ज.** ठीक
**घ.** ठीक
**ङ.** बेठीक

१४. तपाईंको उत्तरः हुनसक्छ तपाईंले यिनीहरूमध्ये कुनैको सुझाव दिनुभएको होलाः तीनवटामध्ये प्रेम मात्र अनन्त छ। प्रेमले ख्रीष्टको जस्तो स्वभावका धेरै पक्षहरूलाई समावेश गरेको छ। प्रेमले अरूहरूको सेवा गर्नलगाउँछ।

**५**. जसलाई प्रभुले तपाईंको जीवनभित्र ल्याउनुहुन्छ, र उसलाई तपाईंको प्रेम र सरोकारको खाँचो छ।

**१५**. प्रेमले तिनीहरू सबैलाई सिद्ध एकतामा बाँध्छ।

**६**. **ख**, **ग**, र **घ** उत्तरहरूले येशूका शिक्षाको वर्णन गर्छन्।

**१६**. तपाईंको उत्तरः मेरो विचारचाहिँ यस्तो छ - हाम्रा कामहरू प्रेममा नगरिउञ्जेल, तिनीहरू खाली र परमेश्वरलाई नरिझाउने खालका हुन्छन्।

**७. ख.** म आफैले आफैलाई येशूका आँखाबाट हेर्नुपर्छ।

**१७**. यदि हामी प्रेम गर्छौं भने, प्रेम गरिएको व्यक्तिको नजीक हामी जान चाहन्छौं। उचित प्रकारले सेवा गर्नसक्नु भन्दा पहिले, हामीले प्रेम गर्नुपर्छ।

**८. क.** उँचाइ (परमेश्वरतर्फको प्रेम)।

**१८**. तपाईंका उत्तरहरूः यहाँ सुझाव गरिएका उत्तरहरू छन्ः
**क**. महान् प्रेम।
**ख**. महान् धीरजपन (स्थिरता)।
**ग**. महान् दया।
**घ**. पूर्ण पवित्रता, भलाइ।
**ङ**. अस्वार्थीपन, समर्पण।
**च**. क्षमा।

**९**. ख्रीष्टियानको जीवनमा दुवै प्रमाणित हुनुपर्छ - ख्रीष्टको जस्तो चरित्र सबैभन्दा महत्वपूर्ण छ, तर आत्माका वरदानहरूको अभ्यासमा यसको नतिजा देखिनुपर्छ।